## १. पृष्ठभूमि

राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार १६ देखि ४० वर्ष उमेरका ब्यक्तिलाई युवा भनिन्छ । युवा समूह जनसंख्याको सर्वाधिक सक्रिय, उर्जावान र गतिशिल समूह हो । युवा शक्ति कुनै पनि देशको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । युवा जनशक्तिको सत्यात्मक तथा गुणात्मक विकासका माध्यमबाट अहिलेका विकसित तथा विकासशील राष्ट्रले विकास निर्माणमा प्रगति हासिल गरेको देखिन्छ । हरेक देशको विकास र प्रगतिमा युवाको योगदान नै प्रमुख हुने गरेको छ । यसबाट नेपाल युवा जनसात्यिक लाभांशबाट फाइदा लिई समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्नसक्ने अवसरको अवस्थामा रहे पनि राजनीतिक सङ्क्रमणका कारण देशको आर्थिक र सामाजिक क्षेत्रमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन ।

नेपालमा युवा विकासका लागि वि.सं. २०६६ सालमा पहिलो पटक र वि.सं. २०७२ मा परिमार्जित राष्ट्रिय युवा नीति २०७२ जारी गरियो । त्यसलाईप्रभावकारी रूपमा लागु गर्ने उद्देश्यले वि.सं. २०७२ सालमा युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना मिति २०७२/०६/१९ गते नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गरि यो दस्तावेज जारी गरियो । सरोकारवालाहरूसंग ब्यापक छलफल, अन्तरक्रिया र अत्यन्त सहभागितामूलक ढंगले निर्माण गरिएको नेपालमा पहिलो पटक युवा विकासका लागि सरकारी स्तरबाट तयार भएको ठोश कार्ययोजना सहितको दस्तावेजको रूपमा युथभिजन रहेको छ ।

युवा अवस्थालाई विभिन्न मुलुकले फरक फरक तरिकाले परिभाषित गरेको पाइन्छ । अधिकांश देशमा युवाको उमेर १५-३५ वर्षका बिचमा कायम गरिएको पाइन्छ भने संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको छ । नेपालको सन्दर्भमा नेपालको अन्तरिम संविधानले १५ देखि २९ वर्षको उमेर समुहलाई युवा भनेर परिभाषित गरेको थियो । कृषि विकास मन्त्रालयले ५० वर्ष सम्मलाई नै युवा मानेको छ । 'नेपालका राजनीतिक पार्टी र सामाजिक संघ संस्थाहरूले पनि आफ्नो अनुकुलतामा युवाको परिभाषा गर्दै आएको देखिन्छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । नेपालको जनसंख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कुल जनसत्याको ४०.३५ प्रतिशत रहेको छ युथ भिजन - २०२५ मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ । पहिलो समूहका युवालाई शिक्षा, ब्यक्तित्व र सीप विकासको चरण मानिएको छ भने दोश्रो समूहलाई ब्यवसाय, स्वरोजगार र आयआर्जन गर्ने समयको रूपमा परिभाषित गरिएको छ ।

## २. दूरदृष्टि

नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने ।

## ३. दीर्घकालिन लक्ष्य

- युवा सहभागिता, सहकार्य र नेतृत्व विकास
- जीवनपयोगी शिक्षा, स्वरोजगार, स्वस्थ्य र सामाजिक सुरक्षा
- युवाको पहुँच समानता, सामाजिक न्याय र क्षमता विकास
- सक्षम जनशक्ति,समृध्द राष्ट्र निमार्ण र शान्ति

## ४. मान्यता (Value)

- स्वस्थ, कर्मठ र उद्यमी
- अधिकारको सुनिश्चितता र कर्तब्य प्रति सचेत
- समावेशी र समविकास
- संरक्षण र संवर्ध्दन
- नेतृत्वदायी र स्वाबलम्बी

## ५. उद्देश्य (Objectives)

१. राष्ट्र निर्माण एवम् राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाब्यताको विकास र विस्तार गर्ने,

२. युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,

३. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा ब्यवसायिकरूपमा दक्ष युवा तयार गर्ने,

४. युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,

५. शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्तिक एवम् सामाजिक विकासमा सघाउने,

६. प्राथमिकता तथा विशेष प्राथमिकताको समुहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

## ६. कार्य क्षेत्र

राष्ट्रिय युवा परिषद्का कार्यक्षेत्रका रूपमा युथ भिजन २०२५ मा उल्लेख गरिएका निम्नानुसारका आधारभूत स्तम्भहरू रहेका छन्,

१. गुणस्तरीय र ब्यवसायिक शिक्षा
२. रोजगारी, उद्यमशीलता र सिप विकास
३. स्वास्थ्य र सामाजिक सुरक्षा
४. युवा परिचालन, सहभागिता र नेतृत्व विकास
५. खेलकुद र मनोरञ्जन

## ७. नेपालको संविधानमा युवाः

नेपालको संविधान २०७२ को भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ञ) ७ मा युवा सम्बन्धी नीतिमा उल्लेख गरिएको छ किः "राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै ब्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने ।

## ८. चौधौं योजनामा युवा सम्बन्धी रणनीतिहरूः

१. युवालाई प्राविधिक शिक्षा र सीपमूलक तालिम मार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने ।
२. राज्यका सबै तहको नीति र निर्णय प्रक्रियामा युवा सहभागिता बढाउने ।
३. युवा स्वयंसेवक परिचालन गर्ने ।
४. सामाजिक कृयाकलापमा युवा संलग्नता बढाउने ।

त्यस्तै चौधौं योजनामा युवा सम्बन्धी कार्यनीतिहरू समेत तय गरिएका छन् । यस अन्तर्गत प्राविधिक शिक्षा तथा क्षमता अभिवृद्धि, उद्यमशिलताको प्रवर्द्धन, युवा प्रोत्साहन, सीपमूलक तालिम, युवा सूचना केन्द्रे स्तरोन्नति, युवा स्वरोजगार कोषको प्रभावकारी परिचालन तथा उपयोग, तालिम एवं परामर्शका कार्य, परंपरागत पेशाको प्रवर्द्धन र आधुनिकीकरण, स्वयंसेवा एवं सचेतनामूलक कार्यक्रम, योजना तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा युवा सहभागिता सुनिश्चित गर्ने, स्काउट सेवा विस्तार गर्ने, नैतिकता, चारित्रिक गुण, दायित्वबोध गराउने तथा खेलकुद योगाभ्यासमा युवा प्रेरणा जगाउने ।

## ९. युवा नीति

१. युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रुपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य-मान्यताहरु बोध गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

२. देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रुपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्व दिँदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिइनेछ । ३.राज्यका नीति निर्माणमा अर्थपूर्ण योगदान पुर्याउन युवालाई आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक सशक्तीकरणका माध्यमबाट प्रोत्साहन गरिनेछ ।

४. विश्वशान्ति, सौहार्द्रता, भाइचारा एवं विश्व अन्तरसम्बन्धबारे युवालाई जागरुक गराउँदै सहस्राब्दी विकास लक्ष्यका अपुरा कार्य र सन् २०१५ पछिका नयाँ प्राथमिकताका क्षेत्र लगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका युवासम्बन्धी प्रतिबद्धताहरुको परिपालनामा जोड दिइनेछ

५. युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्न समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवं लोकतान्त्रिक प्रणालीप्रति प्रतिवद्ध रहन सक्ने बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिने छन्।

६. युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम गरिनेछ ।

७. युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी राज्य र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कार विकास गरिनेछ ।

८. समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ ।

९. निजी तथा गैरसरकारी संस्था एवं स्थानीय निकाय समेतको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका वाहक शक्तिका रुपमा विकास गरिनेछ ।

१०. सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तीकरण र विकासका लागि समान अवसर सिर्जना गरिनेछ ।

११. मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गरिनेछ ।

१२. युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सिप र क्षमता विकास गर्न राज्यले ब्यापक लगानी गर्नेछ ।

१३. युवामा उद्यमशीलता विकास गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

१४. मुलुकको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाबारे जानकारी दिलाउँदै राष्ट्रिय विकासमा युवालाई स्वयंसेवकका रुपमा सहभागी गराउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१५. गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरु सिर्जना गरिने छ ।

१६. साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।

१७. विभिन्न क्षेत्रका प्रतिभावान् युवालाई देशभित्रै वृत्तिविकासका अवसरहरु सिर्जना गरी प्रतिभा पलायन हुनबाट जोगाउने वातावरण सिर्जना गरिनेछ ।

१८. खेलकुदलाई ब्यावसायीकरण, वैज्ञानिकीकरण र सामाजिकीकरण गर्दै यसलाई विकासको अभिन्न अङ्गका रुपमा लिई उचित साधनस्रोत परिचालनबाट युवालाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाउनुका साथै खेलाडीहरुको वृत्तिविकासमा जोड दिइनेछ ।

१९. राज्यका विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने कार्यक्रमहरुलाई समन्वय गर्ने एकीकृत प्रणाली विकास गरिनेछ ।

२०. युवाको स्वास्थ्य सेवामाथिको पहुँच अभिवृद्धि गरी स्वास्थ्य चेतना प्रवर्द्धन गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ ।

२१. विश्वब्यापी रुपमा विस्तार हुँदै गइरहेको दुर्व्यसनमूलक र गैरसामाजिक क्रियाकलापहरुबाट नेपाली युवालाई मुक्त गर्दै युवामा सकारात्मक सोच र संस्कृति विकास गर्ने तर्फ सामाजिक प्रयासहरु लक्षित गरिनेछन्।

२२. प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई राज्यका तर्फबाट उपलब्ध गराउने सेवा सुविधामा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

२३. दलित युवालाई अतिरिक्त अधिकारसहित राज्यको सेवासुविधा प्राप्त हुने तथा रोजगार र स्वरोजगार हुने वातावरण तयार गरिने छ ।

२४. विभिन्न उमेरसमूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूहमा वर्गीकरण गरी (१६-२४ वर्ष, २५-४० वर्ष) लक्षित कार्यक्रमहरु संचालन गरिने छ ।

## १०. संगठन संरचना

राष्ट्रिय युवा परिषद ऐन, २०७२ अनुसार यो एउटा स्वायत्त संस्था हो । यसको सर्वोच्च अङ्गको रूपमा ३६ सदस्यीय राष्ट्रिय युवा परिषद् रहेको छ । परिषद् अन्तर्गत परिषद्का उपाध्यक्षको अध्यक्षतामा सात जना रहेको एक कार्यकारी समिति रहेको छ । यसले परिषद्को कार्यकारी निकायको रूपमा काम गर्दछ । प्रशासनिक कार्यका लागि केन्द्रमा एक जना सहसचिवको नेतृत्वमा निजामति सेवाको कर्मचारीहरू रहेका छन् । त्यसैगरी हरेक जिल्लामा नौ सदस्यीय जिल्ला युवा समिति रहने ब्यवस्था छ।

## राष्ट्रिय युवा परिषदको संगठन स्वरूपः

### क. राष्ट्रिय युवा परिषद्

अध्यक्ष — मन्त्री वा राज्यमन्त्री, युवा तथा खेलकुद मन्त्रालय

उपाध्यक्ष — नेपाल सरकारले मनोनित गरेका ब्यक्ति

सदस्य (सचिव अर्थ मन्त्रालय, सचिव उद्योग मन्त्रालय, सचिव कृषि विकास मन्त्रालय, सचिव युवा तथा खेलकुद मन्त्रालय, सचिव श्रम तथा रोजगार मन्त्रालय, सचिव शिक्षा मन्त्रालय, सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सचिव राष्ट्रिय योजना आयोगको सचिवालय

सदस्य — युवा सम्बन्धी विभिन्न संघ संस्थाबाट मनोनित हुने चार जना

सदस्य — युवाका हक हित संरक्षण र सम्बर्द्धनमा योगदान पुऱ्याएका युवाहरूबाट आदिवासी जनजाती, मधेसी, दलित, अपाङ्गता भएका ब्यक्ति, अल्पसत्त्यक समुदाय र पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुने १५ जना

सदस्य — उद्योग, श्रम, कृषि, खेलकुद, विज्ञान प्रविधि तथा वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने छ जना

सदस्य-सचिव — परिषदका वरिष्ठतम् कर्मचारी

### ख. कार्यकारी समिति

अध्यक्ष — परिषद्का उपाध्यक्ष

सदस्य — मन्त्रालयले तोकेका सो मन्त्रालयको युवा कार्यक्रम हेर्ने सहसचिव

सदस्य — परिषद्का सदस्यहरूबाट कम्तिमा दुई जना महिला रहने गरी परिषद्ले मनोनित गरेका चारजना

सदस्य-सचिव — परिषद्का वरिष्ठतम् कर्मचारी

### ग. राष्ट्रिय युवा परिषद्को काम, कर्तब्य र अधिकार

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार यसका काम, कर्तब्य र अधिकार निम्नानुसार रहेका छन्ः

१. युवा सम्बन्धी दीर्घकालिन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
२. नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
३. परिषद्सँग आबद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नुपर्ने शर्तहरू निर्धारण गर्ने,
४. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयम्सेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,
५. युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्ि्त भई अघि बढ्न उत्प्रेरित गर्ने,
६. परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
७. युवा विकास, सशक्तिकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,
८. परिषद्का लागि आवश्यक कर्मचारीको दरबन्दी सत्त्या निर्धारण गर्ने,
९. तोकिएबमोजिमका अन्य काम गर्ने, गराउने ।

घ. कार्यकारी समितिको काम कर्तव्य र अधिकार

क. परिषद्को बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद्समक्ष पेश गर्ने,

ख. परिषद्सँग आवद्ध हुन चाहने संघ, संस्थालाई आवद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद्समक्ष पेश गर्ने,

ग. परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

घ. युवालाई विकासको मूलप्रवाहमा परिचालन गर्न अभियानमूलक कार्य सञ्चालन गर्ने, गराउने,

ङ. युवाका लागि स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

च. युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गर्ने, गराउने,

छ. युवालाई राष्ट्रिय विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने, गराउने,

झ. युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

ञ. युवालाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

ट. परिषद्बाट सम्पादन गरिने कार्य मितव्ययी र प्रभावकारी ढंगबाट सम्पादन गर्न तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने,

ठ. युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

ड. युवा सम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने,

ढ. युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

ण. तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

त. परिषद्को कार्यकारी संगठन संरचना

## परिषद्को कार्यकारी संगठन संरचना




## जिल्ला युवा समिति

अध्यक्ष (नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी स्थानीय तहमा युवाको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरी विशेष योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट परिषद्ले मनोनीत गरेको व्यक्ति

सदस्य : महिला तथा बालबालिका कार्यालयको प्रमुख

सदस्य : जिल्ला समन्वय समितिको प्रतिनिधि

सदस्य : जिल्ला शिक्षा कार्यालयको अधिकृतस्तरको प्रतिनिधि

सदस्य : परिषद पद्य आबद्ध युवा सम्बन्धी स्थानीय संघ संस्थाहरूमध्येबाट एक जना प्रतिनिधि

सदस्य : युवाको हक, हितको संरक्षण र सम्बर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका युवाहरूमध्येबाट मनोनित तिनजना

सदस्य-सचिव : जिल्ला युवा समितिको कार्यालय प्रमुख

## जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकार

क. परिषद्बाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने, गराउने,

ख. स्थानीय निकाय, युवा सम्बन्धी संघ, संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रको साझेदारीमा जिल्लास्तरमा युवा सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

ग. स्थानीयस्तरमा सञ्चालन हुने युवासम्बन्धी कार्यक्रमको समन्वय एवं सहजीकरण गर्ने,

घ. युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीयस्तरमा स्रोत साधन जुटाउने,

ङ. विशेष समुदायका युवालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने,

च. परिषद्ले तोके बमोजिमको काम गर्ने, गराउने ।

## ११. राष्ट्रिय युवा परिषद्साग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरू

राष्ट्रिय युवा परिषद्का कार्यक्रमहरूलाई निर्देशित गर्न निम्न नीति, ऐन, नियम तथा निर्देशिकाहरू रहेका छन्ः

१. राष्ट्रिय युवा नीति, २०७२

२. युथ भिजन २०२५

३. राष्ट्रिय युवा परिषद् ऐन, २०७२

४. राष्ट्रिय युवा परिषद् नियमावली, २०७३

५. युवा सिप तथा नेतृत्व विकास कार्यक्रम निर्देशिका, २०७३

६. युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३

७. कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३

८. युवा सूचना केन्द्र सञ्चालन निर्देशिका २०७३

९. युवा प्रतिभा तथा युवा उद्यमी सम्मान कार्यविधि २०७३

१०. सूचनाको हक सम्बन्धी आन्तरिक कार्यविधि २०७३

## १२. राष्ट्रिय युवा परिषदबाट सञ्चालन हुने मुख्य मुख्य कार्यक्रमहरू

१. ग्रामीण युवा उद्यम कार्यक्रम

२. युवा सिप तथा नेतृत्व विकास कार्यक्रम

३. युवा राष्ट्रिय स्वरोजगार कार्यक्रम

४. युवा अनुभव आदान प्रदान कार्यक्रम

५. युवा सिप दिवस तथा महोत्सव

६ युवा परामर्श सेवा

७. समाजका लागि युवाको एक दिन

८. अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण

९. युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरूको कार्यलाई प्रोत्साहन

१०. युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोषको स्थापना

११. युवा प्रतिभा पहिचान

१२. केन्द्रीय युवा सूचना केन्द्र सञ्चालन

१३. युवाका सवालका बारेमा पत्राकारसँग छलफल र युवा नीति तथा युथ भिजनको प्रचार प्रसारआदि ।

### युवा विकासका लागि दिर्घकालिन रणनीतिः युथ भिजन २०२५




दश वर्षे रणनीतिक योजना र कार्यक्रमका पाँच स्तम्भहरुः

**समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा**

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

## त्रिपुरेश्वर, काठमाडौं




फोन : ४२६२४६५, ४२५४७७६, ४२५३८२९

फ्याक्स : +९७७-०१-४२६२४६५

वेब साइट : www.nyc.gov.np

इमेल : info@nyc.gov.np

नोटिसबोर्ड सेवा : १६१८०१४२५३८२९

**समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा**